# कञ्चन गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना-२०७७

# Water, Sanitation and Hygiene Plan of Kanchan Rural Municipality-2020



## कञ्चन गाउँपालिका

### गाउँकार्यपालिकाको कार्यालय

रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# कञ्चन गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना-२०७७

# Water, Sanitation and Hygiene Plan of Kanchan Rural Municipality-2020

## कञ्चन गाउँपालिका

### गाउँकार्यपालिकाको कार्यालय

रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# गाउँपालिका अध्यक्षको कलमबाट

कञ्चन गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा हालको अवस्था पत्ता लगाइ गाउँपालिकामा सरल र उच्चतम सूचना प्रविधिको सहायताले सबै घरधुरीहरु, सार्वजनिक स्थल, संस्थाहरु र विद्यालयहरुको भौगोलिक अवस्थिति (GPS) सहितको तथ्याङ्क संकलनको प्रतिफल स्वरुप विश्वसनीय अनि निर्णयकर्ताहरुको लागि अत्यन्त उपयोगी यो कञ्चन गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास प्लान) तयार गर्न गाउँपालिका सफल भएको छ । वास प्लान तयार गर्दाका विभिन्न छ चरणहरुबाट प्राप्त तथ्याङ्क तथा नतिजाहरुलाई विश्लेषण गरी तयार गरिएका या वास प्लान प्रतिवेदन र गाउँपालिकाको अमूल्य सम्पत्तिका रुपमा रहन प्रत्येक घरधुरीगत, सार्वजनिक स्थलहरु, विद्यालयहरु र संस्थाहरुको वास क्षेत्र सम्बन्धित तथ्याङ्कहरु आवश्यकता अनुसार विश्लेषण गरी तथा कार्यान्यवयनका लागि निकै उपयोगी हुनेछन् । वडागत रुपमा घरधुरी तथा टोलहरुमा खानेपानी, सरसफाई तथा स्वच्छताको हिसावले कुन अवस्थामा छन् भन्ने कुरा कार्यकक्ष मै बसेर न्ययनभि भ्बचतज बाट हेर्न सकिने, छपाई गरिएका नक्साहरुमा स्पष्टरुपमा देखिने र तदनुसारको निर्णय र कार्यान्वयन गर्न सकिने कुरा यो गाउँपालिका वास योजनाको प्रमुख विशेषता रहेको छ र यसले हामी निर्णयकर्ताहरुलाई पारदर्शी र वस्तुपुरक ढंगले निर्णय लिन निकै सजिलो बनाएको छ ।

संकलन गरिएको तथ्याङ्क र त्यसबाट तयार गरिएका नक्साहरु अन्य विकास निर्माणको गतिविधिहरुको निर्णय तथा कार्यान्वयन गर्न उपयोगी हुने देखिएका छन् । सम्भवतः यस्तो प्रविधिमैत्री गाउँपालिका वास योजना बनाउने कञ्चन गाउँपालिकाका लागि थप जिम्मेवारी बोध समेत भएको छ ।

नेपाल सरकारको सन् २०३० सम्म र प्रदेश सरकारको द्दण्घ सम्मको लक्ष्य अनुसार कञ्चन गाउँपालिकामा सबैलाई सुरक्षित खानेपानी, सुरक्षित सरसफाई तथा स्वच्छताको लक्ष्य हासिल गर्न यो वास योजनाको सफल कार्यान्वयनको लागि गाउँपालिकाको तर्फबाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु र गाउँपालिका वास योजना अनुसारको लक्ष्य समयमै हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार दातृ निकायहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र अन्य सबै सरोकारवाला पक्षहरुबाट अमूल्य सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । गाउँपालिका एक्लैको पहलमा मात्र निर्धारित लक्ष्य हासिल नहुने कुरा पक्का नै छ, तसर्थ कञ्चन गाउँपालिका बासी आदरणीय जनसमुदायहरु, राजनैतिक दलहरु, समाजसेवीबुद्धिजीवि सबैको सल्लाह सुझाव अनि साथ र सहयोग मिल्नेछ भन्न अपेक्षा गर्दछु ।

कञ्चन गाउँपालिकाको गाउँपालिका वास योजना तयार गर्नका लागि प्रविधिक सहयोग उपलब्ध गराउने भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश प्रति हामी धेरै आभारी छौ र धन्यवाद ज्ञापन गर्न चाहन्छौ । यो वास योजना तयार गर्न ठूलो योग्दान दिने तथ्याङ्क संकलकहरु, सहकर्मी जनप्रतिनिधि मित्रहरु, वडा तह तथा गाउँपालिका तहका वास योजना कार्यदलका सदस्यहरु, वास ईकाइ लगायत गाउँ कार्यपालिकाको कर्मचारी मित्रहरु लगाएत प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउनुहुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

कञ्चन गाउँपालिकाको सबैका लागि सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छताको लक्ष्य हासिल गर्ने अभियानमा सबै सरोकारवाला पक्षहरुको साथ, सल्लाह-सुझाव र सहयोग प्राप्त हुनेछ र वास योजनाको सफल कार्यान्वयन गर्न कञ्चन गाउँपालिका सफल हुनेछ भन्ने विश्वास प्रकट गर्न चाहन्छु ।

धन्यवाद!

..............................

गोकर्ण बहादुर क्षेत्री

(अध्यक्ष)

# विषयसूची


| विवरण | पेज नम्वर |
|---|---|
| **अध्याय १ कञ्चन गाउँपालिकाको वस्तुगत विवरण** | |
| १.१ भौगोलिक अवस्थिति र बनोट | १ |
| १.१.१ भौगोलिक अवस्थिति | २ |
| १.१.२ ऐतिहासिक चिनारी तथा नामाकरण | २ |
| १.१.३ राजनैतिक अवस्थिति | ३ |
| १.१.४ धरातलीय अवस्था | ३ |
| १.१.५ प्राकृतिक सम्पदा | ४ |
| १.१.६ सांस्कृतिक उत्कृष्टता | ४ |
| १.१.७ विकासका सम्भावनाहरु | ४ |
| १.२ पहुँच | ५ |
| गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको | |
| १.३ पृष्ठभूमी | ५ |
| १.३.१ गाउँपालिका वास योजनाका चरणहरु | ६ |
| १.४ तयारीका चरण | ७ |
| १.४.१ वस्तुस्थिति विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी | ७ |
| १.४.२ वस्तुस्थिति विवरण तयारी कार्यशाला | ८ |
| १.४.३ सहजकर्ता तथा गणक छनोट अभिमुखिकरण र परिचालन | ८ |
| १.४.४ तथ्याङ्क संकलन | ९ |
| १.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्सा तयारी | ९ |
| १.४.६ वस्तुस्थिति विवरणको मस्यौदा तयारी | १० |
| १.५ जातजाति र जनसाङ्ख्यिकी विवरण | १० |
| १.६ आर्थिक गतिविधि र पेशा | १४ |

१.७ जनसंख्याको गतिशीलता र बसाँई सराई १४
१.८ भौतिक पूर्वाधार १५
१.९ गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र वास योजनाको सम्बन्ध १५
१.१० वास क्षेत्रमा कार्यरत विकासका साझेदारहरु १५


## अध्याय २ खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति

२.१ कञ्चन गाउँपालिकाको खानेपानीको अवस्था १७
२.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक स्रोतहरु १७
२.१.२ गाउँपालिकामा खानेपानीको स्तर(संयुक्त अनुगमन कार्यक्रम) १८
२.१.३ कञ्चन गाउँपालिकामा खानेपानीको प्राथमिक श्रोतहरु १९
२.१.४ निर्माणाधीन खानेपानी प्रणालीहरु २०
२.१.५ खानेपानीको समग्र अवस्था २३
२.१.६ संस्थागतहरुमा खानेपानीको सुविधा २५
२.२ सरसफाइ तथा स्वच्छताको अवस्था २६
२.२.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था २६
२.२.२ संस्थागत सरसफाई सुविधा ३३
२.२.३ शैक्षिक संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था ३५
२.२.४ स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था ३६
२.२.५ महामारीको प्रकोप ३७
२.३ खानेपानी गुणस्तर अवस्था ३७
२.४ विपद् जोखिम तथा जलवायु परिवर्तन असर स्थानीय अनुकूलनका प्रयासहरु ३८
२.५ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता ३९

२.६ पूर्ण सरसफाइ उन्मुख अवस्था तर्फको समग्र अवस्था ४०


## अध्याय ३ कार्ययोजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण

३.१ खानेपानी योजनाहरुको पहिचान तथा योजना ४६
३.१.१ नयाँ खानेपानी योजनाहरु ४६
३.१.२ निर्माणाधीन खानेपानी योजनाहरुको मर्मत संभार, सुचारुपन र दिगोपना ४७
३.१.३ खानेपानी सुरक्षा योजना, गुणस्तर पहिचान तथा गुणस्तर सुनिश्चितता ४७
३.२ सरसफाइ योजनाहरुको पहिचान तथा योजना ४७
३.२.१ घरायसी शौचालय निर्माण तथा स्तर उन्नति ४७
३.२.२ संस्थागत शौचालय निर्माण तथा स्तर उन्नति ४८
३.२.३ व्यवस्थित ठोस फोहोर व्यवस्थापन योजना ४९
३.२.४ व्यवस्थित ढल व्यवस्थापन योजना ५०
३.२.५ महिनावारी स्वच्छता व्यवस्थापन योजना ५०
३.२.६ साबुन पानीले हातधुने कार्ययोजना ५१
३.३ विपद जोखिम व्यवस्थापन तथा जालवायु परिवर्तन अनुकूल योजना ५१
३.३.१ विपद् जोखिम व्यवस्थापन ५१
३.३.२ जलवायु परिवर्तन अनुकूलन ५२
३.४ वैकल्पिक प्रविधि ५३
३.५ पालिका स्तर तथा समुदाय स्तर क्षमता विकास योजना ५४
३.५.१ पालिका स्तर क्षमता अभिवृद्धि योजना ५४
३.५.२ समुदाय स्तर क्षमता अभिवृद्धि योजना ५५

३.६ पूरक विषय सवार (Cross cutting Issues) र सम्वोधन योजना ५५

३.६.१ लैङ्गिक तथा समावेसिकरण मूल प्रवाहिकरण समावेशीकरण ५६

३.६.२ प्रयोगकर्ता मैत्री संरचना निर्माण योजना ५६

**अध्याय ४ संस्थागत संरचना र क्षमता अभिवृद्धि**

४.१ गाउँपालिकाको वास संरचना ५८

४.२ गाउँपालिकामा वास क्षेत्रमा कार्यरत अन्य संस्थाहरु र कार्यक्रम ५८

४.३ गाउँपालिकामा वास संयुक्त कोष ५८

४.४ संस्थागत संरचना तथा क्षमता विकास आवश्यकता ५८

४.४.१ संस्थागत संरचना ५८

४.४.२ संस्थागत क्षमता अभिवृद्धि ५९

**अध्याय ५ अनुसूचीहरु**

५.१ निर्माणाधिन नयाँ खानेपानी योजनाहरु ६०

५.२ स्वास्थ्य संस्थाहरुको पानी र सरसफाइको अवस्था ६०

५.३ विद्यालयको सरसफाइ विवरण ६१

५.४ संस्थागत सरसफाइ विवरण ६४

५.५ खानेपानी योजनाहरुको दिगोपना (Sustainability) ६५

५.६ वास क्षेत्रका सरोकारवाला संस्थाहरु र जिम्मेवारी ६६

५.६.१ कार्यक्रम संचालन तह ६६

५.६.२ नीति निर्माण तथा समन्वय तह ६६

५.७ जातजाति अनुसार जनसंख्या विवरण ७३

५.८ गाउँपालिकाको तर्जुमा गोष्ठीको माइन्युट ७७

५.९ गाउँपालिकाका नक्साहरु/फोटोहरु ७९

# अध्याय-१
# कञ्चन गाउँपालिकाको
# बस्तुगत विवरण

## १.१ भौगोलिक अवस्थिति र बनोट

कञ्चन गाउँपालिका रुपन्देही जिल्लाको विकासोन्मुख गाउँपालिकाहरु मध्ये एक हो। यसको भू-बनोट समथर एकै खालको छ। समतल भू-भाग र उर्वर मलिलो माटोका कारण प्रशस्त कृषि उत्पादन हुने संभावना भएता पनि १२ सिचाई महिना पानीको श्रोत नभई आकाशे पानीको भर पर्नुपर्ने अवस्था र आज भोलि घर घडेरीका लागि जमिन प्लटिङ्ग  हुँदै गएकोले उत्पादन दिन प्रतिदिन घट्दै जानुका साथसाथै वातावरणीय असर समेत परेको छ। यहाँ मौसम अनुसारका खेती बाह्रै महिना गर्न सकिन्छ। मुख्य बाली धान, गहुँ, मकै, मास, मसुरो, रहर, आलस, तोरी, मम्फुली, आलु आदि हुन्। आजभोलि व्यवसायीक रुपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, पशुपालन, हाँस, कुखुरापालन गरिदै आएको छ। उत्पादित खाद्यन्न तथा तरकारी नजिकैका स्थानीय हाटबजारहरु, भैरहवा र बुटवलमा बेचबिखान गरिन्छ।यस जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन्। चैत्र महिनादेखि आश्विनको सुरु सम्म गर्मी हुन्छ।आश्विन, कार्तिक, मंसिर र फागुनमा यहाँको हावापानी समशीतोष्ण हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ। जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त बर्षा हुने गर्छ।

नेपालको पुनसंरचना गर्ने क्रममा स्थानीय तहको गठन गर्दा साविकका गाउँ विकास समितिहरु गजेडी र रुद्रपुरलाई मिलाएर यस गाउँपालिकाको स्थापना २०७३ चैत्र २७ गते भएको हो । यो महत्वपूर्ण कञ्चन नदीको नामबाट आम जनताको चाहना बमोजिम साविक गजेडी र रुद्रपुर गा वि स संवत २०४६ भन्दा पहिले एउटै पञ्चायत भएकाले अहिलेको स्थानीय निकायको संरचना अनुसार पहिलेकै कुरालाई कायम गरी कञ्चन गाउँपालिका बनाइएको हो।

यो गाउँपालिका ऐतिहासिक, पुरातात्विक, सामाजिक, वातावरणीय तथा आर्थिक हिसाबले परापूर्वकालदेखि नै एक महत्वपूर्ण विशिष्ट स्थलको रुपमा परिचित हुँदै आएको छ । यस गाउँपालिकाका पूर्वमा सैनामैना  नगरपालिका र गैडहवा  गाउँपालिका, पश्चिममा गैडहवा गाउँपालिका र कपिलवस्तु जिल्लाको वाणगंगा नगरपालिका, उत्तरमा सैनामैना नगरपालिका तथा दक्षिणमा गैडहवा गाउँपालिका रहेका छन् ।

## १.१.१ भौगोलिक अवस्थिति

| | | |
|---|---|---|
| क्षेत्रफल | : | ५८.५२ बर्ग किलोमिटर |
| अक्षांशः | : | ८३.२०५०९९ देखि ८३.३०८०९६ |
| देशान्तर | : | २७.६३८३१९ देखि २७.७४७२९८ |
| उचाई | : | समुन्द्री सतहवाट ११३ मिटर देखि १६५ मिटर |
| हावापानी | : | उष्ण प्रदेशीय |
| तापक्रम | : | न्यूनतम १० डिग्री सेल्सियस देखि अधिकतम ४० डिग्री सेल्सियस |
| औषत वर्षा | : | १२८५ मिलिलिटर |
| नदी | : | कञ्चन नदी र कोठी खोला |
| मुख्य जाति | : | ब्राह्मण, क्षेत्री, मगर, थारु ,मधेशी ,नेवार ,गुरुङ्ग, दलित आदि। |
| धर्म | : | हिन्दु, बौद्ध, क्रिश्चियन, इस्लाम आदि । |
| जमिन | : | समथर |
| ताल | : | गजेडी ताल (दानापुर ताल) |

## १.१.२. ऐतिहासिक चिनारी तथा नामाकरण

चुरे पहाडबाट अनवरत रुपमा बगिरहने कञ्चन नदीका नामबाट यस गाउँपालिका नामाकरण गरिएको हो। प्राचीन समयदेखि निरन्तर बगिरहने यो नदी पाल्पा जिल्लाका बुढीदमार र सत्यवतीबाट सुरुभई रुपन्देही जिल्लाको सैनामैना नगरपालिकाको साविक सालझण्डी गाविस र यस कञ्चन गाउँपालिकाको बीच भाग भएर उत्तरबाट दक्षिण तर्फ बगि दानव नदीमा मिसिन पुग्छ। सामान्य रुपमा नदी कटानका कारणले केही नोक्सानी भएता पनि कृषि उत्पादनमा यो नदीको अत्यन्तै ठुलो महत्त्व रहेको छ । गाउँपालिकाको करिब बीच भाग भएर बग्ने भएकाले विभिन्न स्थानमा बाधँबाधी सिचांई गरिन्छ। नदिजन्य श्रोत ढुङ्गा, बालुवाको माग पनि यसै नदिले पुरा गरिरहेको छ, यसका साथै गाउँपालिकाको आम्दानीको मुख्य श्रोत पनि हो। कृषि, वन तथा वातावरण, धार्मिक स्थल, नदी जन्यश्रोत आदि विभिन्न कारणले यस नदीको आर्थिक, धार्मिक, सामाजिक महत्व रहेको छ ।यो

महत्वपूर्ण कञ्चन नदीको नामबाट आम जनताको चाहना वमोजिम साविक गजेडी र रुद्रपुर गाविस संवत २०४६ भन्दा पहिले एउटै पञ्चायत भएकाले अहिलेको स्थानीय निकायको संरचना अनुसार पहिलेकै कुरालाई कायम गरी कञ्चन गाउँपालिका बनाइएको हो ।

कञ्चन गाउँपालिकामा पहाडी मूलका ब्राह्मण, क्षेत्री, मगर, कामी, दमाई, सार्कीका साथसाथै रैथाने थारु, यादव, मुसलमान लगायतका विभिन्न बासिन्दाहरुको बसोबास छ। यस गाउँपालिकामा दशै, तिहार, जनैपूर्णिमा, तीज, छठ, होली, बुद्धजयन्ती, मोहरम, क्रिसमस, इद लगाएतका विभिन्न चाडपर्व मनाइन्छ। मठमन्दिर, मस्जिद, विभिन्न धार्मिक स्थल, देउसीभैलो, भजनर्कितन, कौरा, थारुनाच आदि यहाँका मौलिक साँस्कृतिक चलन, समुहमा मिलेर बस्ने बानी, गुचुप्प परेका बस्ती र विभिन्न भाषा गाउँपालिकाका महत्वपूर्ण र ऐतिहासिक पक्ष हुन्। यहाँका बासिन्दाहरु अत्यन्तै मिलनसार, सोझा र विकास प्रेमीको रुपमा परिचित छन्। पञ्चायतकालदेखि नै यहाँको विकासमा थुपै व्यक्तित्वहरुको योगदान रहेको छ। २०१६ सालदेखि नै विद्यालयहरुको स्थापना गर्ने, भैलुभुजा सिंचाईको सुविधा थप गर्ने, यातायात लगायतका विभिन्न विकास निर्माणका कार्यमा स्थानीय जनताको प्रत्यक्ष योगदान रहेको छ। यस क्षेत्रको २०४६ सालमा परिवर्तन पश्चात राजनैतिक चेतनामा निकै फड्को मारेको विभिन्न समयमा भएका आवधिक निर्वाचन र तिनको परिणामबाट थाहापाउन सकिन्छ।

## १.१.३ राजनीतिक अवस्थिति

प्रदेश : लुम्बिनी

अञ्चल : लुम्बिनी

जिल्ला : रुपन्देही

निर्वाचन क्षेत्र : संघीय निर्वाचन क्षेत्र नं .५, रुपन्देही

प्रदेश सभा निर्वाचन क्षेत्र नं .५ (क) ,५ (ख) रुपन्देही

### १.१.४ धरातलीय अवस्था

पूर्व : सैनामैना नगरपालिका र गैडहवा गाउँपालिका

पश्चिम : गैडहवा गाउँपालिका र कपिलवस्तु जिल्लाको वांणगंगा नगरपालिका

उत्तर : सैनामैना नगरपालिका

दक्षिण : गैडहवा गाउँपालिका

| कार्यालय | वडा कार्यालय रहेको स्थान | Latitudes | Longitudes | Elevation |
|---|---|---|---|---|
| गा.पा.को कार्यालय | गजेडी | २७.६४५६३६४२ | ८३.२७४५८६२ | १२१ मि |
| १ नं .वडा कार्यालय | लैसा | २७.६६१०६६१८ | ८३.२९०७४३८३ | १३३ मि |
| २ नं .वडा कार्यालय | गजेडी | २७.६४५६३६४२ | ८३.२७४५८६२ | १२१ मि |
| ३ नं .वडा कार्यालय | हरैया | २७.५९५२४१५२ | ८३.२४७४४२२५ | ११८ मि |
| ४ नं .वडा कार्यालय | शिवालय मन्दिर | २७.६१६२३५९१ | ८३.२४५७२५६३ | १२१ मि |
| ५ नं .वडा कार्यालय | भैसाही | २७.६४१८०६३७ | ८३.२३५३४०१२ | १३० मि. |

### १.१.५ प्राकृतिक सम्पदा

सामुदायिक वन, साझेदारी वन, राष्ट्रिय वन, ताल तलैया, नदी नाला आदि ।

### १.१.६ सांस्कृतिक उत्कृष्टता

मठमन्दिर, मदरसा, चर्च, गुम्वा, भैरवघाट, तुलसीघाट, धर्मसंस्कृति, चाडपर्व

### १.१.७ विकासका सम्भावनाहरु

पूर्ण साक्षरता घोषण हुनु, स्वास्थ्यका सूचकहरुको अवस्था राम्रो हुनु, कृषियोग्य जमिन प्रशस्तै हुनु र पशुपालनको लागि प्रशस्त वनजंगल हुनुले यस गाउँपालिकाभित्र बसोबास गर्ने गाउँवासीहरुको आत्मनिर्भरता बढाउँदै लैजान सकिन्छ । खाद्यान्न ,तरकारी ,मासु , अण्डा ,दूधजन्य ,दाल लगायतमा यस गाउँपालिकालाई आत्मनिर्भर बनाउन सकिने

सम्भावना प्रचुर मात्रामा छ । पूर्व पश्चिम राजमार्गबाट करिव ७ किलो मिटर भित्र, फायरलाईन लुम्बिनी सडक खण्ड यस गाउँपालिका वडा नं. ५, ४ र ३ हुँदै, रामापुर लुम्बिनी सडकसमेत यस गाउँपालिका वडा नं. १ हुँदै गएको र हरैया बाँसगडी सडक खण्डमा पुल निर्माण सम्पन्न भएको र बाटो कालोपत्रे हुदै गरेको र वडा नं. १ र २ लाई कृषि सडकले समेतेको हुनाले यातायात तथा व्यापारिक ,प्रयटकीय र आर्थिक दृष्टिकोणले यो गाउँपालिकाको विकासका सम्भावनाहरु प्रशस्तै छन् । यातायातको सुगमता ,प्रशस्त खुला स्थानहरु ,तालतलैयाबाट सिंचाई, कञ्चन नदि र कोठी खोलाबाट समेत कृषि योग्य जमिन सिचाई गर्न सकिने भएकोले नमुना सहरको रुपमा विकास गर्न सकिने सम्भावना छ । प्रशस्त तालतलैया,प्राचीन ,ऐतिहासिक र पौराणिक महत्वका ठाउँहरु तथा प्राकृतिक दृश्यावलोकनका क्षेत्रहरु भएकाले पनि यस गाउँपालिकाको समग्र प्रर्यटन गुरुयोजना तयार गरी प्रर्यटकीय स्थलहरुको विकास गर्दै जान सकिनेछ र प्राकृतिक स्थलहरुको संरक्षण गर्दै थप संरचनाहरु निर्माणबाट प्रर्यटकीय आकर्षकको मुख्य स्थल बनाउन सकिन्छ । यस गाउँपालिकाको प्रशस्त जमिन बनजङ्गलले ओगटेको हुँदा कार्वन सञ्चय गरी जलवायु परिवर्तन न्यूनिकरणमा गाउँपालिकाको महत्वपूर्ण भूमिका सृजना गरी कार्वन व्यापारबाट थप आम्दानी गर्न मद्दत पुग्ने छ ।

## १.२ पहुँच

महेन्द्र राजमार्गबाट करिव ७ किलोमिटर भित्र रहेको यस गाउँपालिकाको केन्द्र जिल्ला सदरमुकाम भैरहवा करिव ५६ किलोमिटर सडक दुरीमा अवस्थित रहेको र लुम्बिनी प्रदेशको अस्थाई मुकाम बुटवल करिव २७ किलोकिटर दुरीमा अवस्थित रहेको छ ।

## १.३ गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको पृष्ठभूमी

गाउँपालिका भित्रको खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था पत्ता लगाई सन् २०३० सम्म सुरक्षित खानेपानी र सुरक्षित सरसफाइ तथा स्वच्छताको लक्ष्य हासिल गर्ने उद्देश्यले गाउँपालिकाले खानेपानी, सरसफाइ र स्वच्छता योजना निर्माण गर्ने निर्णय

गरेको हो। गाउँपालिका वास योजना बनाउनुको मुख्य उद्देश्य हालको खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था पत्ता लगाउने, सरसफाइ र स्वच्छताको अवस्था पत्ता लगाउने, सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छताको नीति तथा प्राथमिकताहरु तय गरी प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता श्रोत साधानको यकिन गर्ने र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको विधिहरु सहित तथ्याङ्कहरु संकलन तथा दस्तावेज तयार गरी गाउँपालिकाको निर्णय प्रक्रियालाई सहज गराउनु हो।

## १.३.१ गाउँपालिका वास योजनाका चरणहरु

निर्माणका मुख्य सिद्धान्तहरु स्थानीय सरकारको नेतृत्व, समुदायबाट व्यवस्थापन, तलबाट माथिहुने योजना तर्जुमा (Bottom to Top Planning) विधि, पूर्णरुपमा सहभागिता र समावेशी प्रक्रिया, स्थानीय तहमा क्षमता विकास, जनचेतना, सुविधास्तर पहिचान तथा विश्लेषण, प्राथमिक तथ्याङ्कको आधारमा मात्र प्राथमिकिकरण र निर्णयकर्ताहरुलाई सजिलो र आवश्यक सुचना संकलन हुनु।

गाउँपालिका वास योजना पाँचवटा चरणका क्रियाकलापहरु सम्पन्न गरी तयार गरिएको हो।सबै चरणका क्रियाकलापहरु गाउँपालिका, गाउँपालिका वास ईकाई र वडाहरुमा सम्पन्न भएका हुन र गाउँपालिकाले यो प्रतिवेदन तयार गरेको हो।त्यसपछि अन्य कच्चा तथ्याङ्कहरु गाउँपालिकाको सम्पतिको रुपमा सुरक्षित राखिएको छ।मोवाइल फोनमा mWater Application को प्रयोगमा गाउँपालिका भित्रका सबै घरधुरी, सार्वजनिक स्थल, संस्थाहरु तथा विद्यालयहरुमा तथ्याङ्क संकलकहरु परिचालन गरी भौगोलिक अवस्था (GPS Reading) सहितको तथ्याङ्क संकलन गरिएको हो। तलको चित्रले गाउँपालिका वास योजना तयारीका चरणहरु देखाउँछ।




## १.४ तयारीका चरण

### १.४.१ वस्तुस्थिति विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी

तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका विधिहरु वास्तवमा कञ्चन गाउँपालिकाको वास प्रोफाईल निर्माण गर्ने क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोत सामग्रीको प्रयोग गरिएको छ ।यो वास योजना तयारी गाउँपालिका तहको बैठक, अभिमुखीकरण, वडा तहका बैठक तथा अभिमुखीकरणहरु र तथ्याङ्क संकलकहरु पहिचान गरी mWater Application द्वारा सबै घरधुरी, संस्था तथा विद्यालयहरुको तथ्याङ्क संकलन, वडा तहमा सार्वजनिक सूचना नक्साहरु प्रकाशन, वडाहरुका योजना तर्जुमा बैठक र गाउँपालिका तहको योजना तर्जुमा बैठक बसेर सम्पन्न गरिएको हो। वडा तहमा वडा वास योजना कार्यदलहरु, गाउँपालिका तहमा गाउँपालिका वास योजना कार्यदल र तथ्याङ्क संकलकहरुको ठूलो मेहनतले यो योजना तयार भएको हो।यो वास योजना तयारी गर्ने कार्यमा भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेशले आवश्यक प्राविधिक सहयोग

प्रदान गरेको छ। यसमा विशेषगरी स्थलगत सर्वेक्षण गर्ने क्रममा घरधुरीमा नगई प्राप्त हुन नसक्ने विवरणहरुलाई घरधुरी सर्वेक्षण mWater application प्रयोग गरिएको छ । त्यसपछि प्राप्त सूचनाहरूलाई तालिकीकरण गर्ने र विश्लेषण गर्ने कार्य गरी यो वस्तुगत विवरण तयार पारिएको छ ।

## १.४.२ वस्तुस्थिति विवरण तयारी कार्यशाला

यस गाउँपालिकाको वास प्रोफाईल तयारीको लागि गाउँ पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समिति गठनका लागि गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण वडाका वडा अध्यक्ष, वडा सचिव, सुरक्षा निकायका प्रतिनिधि, खानेपानी उपभोक्ता समितिका प्रतिनिधि, स्वास्थ्य सरसफाइ तथा फोहोर मैला व्यवस्थापनमा काम गर्ने प्रतिनिधि समेतलाई राखी कार्यशाला सञ्चालन गरी गाउँपालिका अध्यक्ष श्री गोकर्ण बहादुर क्षेत्री ज्यूको अध्यक्षतामा गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समितिको गठन गरि उक्त समितिको बैठकबाट निर्णय गरी यस गाउँपालिकाको समस्त विषयवस्तु समेटिएको प्रोफाइल तयार गर्न सुरूवात गरिएको थियो ।

## १.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन

गाउँपालिका स्तरीय समितिको बैठक अनुसार प्रत्येक वडाबाट कम्तिमा ३ जना तथ्याङ्क सङ्कलकहरूलाई छनौट गरी गाउँपालिकामा पठाए अनुसार १५ जना गणकहरूलाई यस गाउँपालिकाले वास प्रोफाइल तथ्याङ्क सङ्कलनको लागि तयार गरेको घरधुरी सर्वेक्षण mWater Application भर्नको लागि ३ दिने अभिमुखीकरण तालिम संचालन गरि आ-आफ्नो वडामा तथ्याङ्क संकलनको लागि पठाईएको थियो। उक्त तथ्याङ्क संकलनको लागि जाँदा अनुसूची अनुसारको विवरण टोल विकास संस्थाका प्रतिनिधिहरुको विवरण र खानेपानी आयोजना प्रतिनिधि लगाएत समाजसेवी हरुको सम्पर्कमा रहेर जनप्रतिनिधिको रोहवरमा तथ्याङ्क संकलन गरिएको थियो। भने उक्त तथ्याङ्कलाई प्रतिदिन गाउँपालिकाबाट सुद्धिकरण गरी आधिकारिक्ता प्रधान गरिएको थियो।

### १.४.४ तथ्याङ्क सङ्कलन

**तालिका १.१ तथ्याङ्क सङ्कलकको नाम थर**

| सि.न. | तथ्याङ्क संकलकको नाम, थर | वडा नं. | सङ्कलन गरिएको सङ्ख्या |
|---|---|---|---|
| १ | निर्मला चालिसे | कञ्चन वडा न १ | ७०५ |
| २ | भुमिका तरामु (थापा) | कञ्चन वडा न १ | ५५१ |
| ३ | सुरज थारु | कञ्चन वडा न १ | ६४६ |
| ४ | रेनु चौधरी | कञ्चन वडा न २ | ४८२ |
| ५ | माधव अधिकारी | कञ्चन वडा न २ | ४१८ |
| ६ | नारायण ठाकुर | कञ्चन वडा न २ | २८९ |
| ७ | श्याम आचार्य | कञ्चन वडा न ३ | ७१६ |
| ८ | सुशील सापकोटा | कञ्चन वडा न ३ | ६८३ |
| ९ | सरस्वती शर्मा | कञ्चन वडा न ३ | ६३२ |
| १० | इन्द्र कुमारी सुनार | कञ्चन वडा न ४ | ८४७ |
| ११ | पुष्पा वि.क. | कञ्चन वडा न ४ | ६३२ |
| १२ | पूजा थापा | कञ्चन वडा न ४ | ६१५ |
| १३ | सिवलाल रेग्मी | कञ्चन वडा न ५ | १६६ |
| १४ | कृष्ण कुमारी रेग्मी | कञ्चन वडा न ५ | ८२८ |
| १५ | रितु राना | कञ्चन वडा न ५ | ६९५ |
| | | कुल जम्मा तथ्याङ्क | ८९०५ |

### १.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्सा तयारी

यस गाउँपालिकाका प्रत्येक वडाबाट प्राप्त भएको तथ्याङ्कहरूलाई विश्लेषण गरिएको र सो बाट प्राप्त तथ्याङ्कहरूलाई एकीकृत गरी Table र Chart मा प्रस्तुत गरिएको छ । विभिन्न फर्मेटहरुमा टेबल र चार्टहरुलाई केलाउँदै एक एक गरेर तथ्याङ्कहरुको प्रश्न उत्तर

माथी छलफल गर्दै प्रतिवेदनको रुपमा तयार पारिएको हो जुन प्रतिवेदनले समग्र गाउँपालिकाको प्रारम्भिक रुपरेखा तयार भएको छ।

## १.४.६ वस्तुस्थिति विवरणको मस्यौदा तयारी

यस गाउँ वास वस्तुस्थिति विवरण ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि भौतिक पूर्वधार मन्त्रालय लुम्बिनी प्रदेश बाट पठाइएको ढाँचामा mWater application बाट प्राप्त तथ्याङ्क विश्लेषण गरियो ।विभिन्न खण्डमा विभाजन गरेर छुट्टाछुट्टै प्रश्नमाथी छलफल गर्दै गाउँपालिका स्तरीय वास कार्यदलबाट पास गरेर आवश्यक प्रश्नहरु थप गर्दै अन्तिम रुप दिईएको हो। उक्त तथ्याङ्कलाई गणकहरुको सहायताले घरधुरीमा पुगेर तथ्याङ्कलाई विभिन्न खण्डीकरण गरी तथ्याङ्क लिइयो । गाउँपालिका स्तरीय वास प्रतिवेदनको मस्यौदा तयारी गर्न र प्रतिवेदनलाई अन्तिम रुप दिन विभिन्न चरणहरुका छलफल र बैठकहरु संचालन गरी यसलाई अन्तिम रुप दिईने छ।

## १.५ जात जाति र जनसाङ्ख्यिक विवरण

यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसङ्ख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार कञ्चन गाउँपालिकामा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ्ग, नेवार, कामी, सार्की, दमाइ लगायत पहाडी मूलका विभिन्न जातजाती र रैथाने थारु, यादव, लोध, कुर्मी, हरिजन, मुसलमान आदि लगायत जातजातिका साथसाथै विभिन्न धर्म र संस्कृतिका ७,०८४ घर छन् जसमा महिला १८,२०७ र पुरुष १४,८६५ गरी जम्मा जनसङ्ख्या ३३,०७२ जसमध्ये पुरुष ४९.८५ प्रतिशत (३६,१३७ जना) र महिला ५०.१५ प्रतिशत (३६,३६० जना) रहेको छ। यस्तै यहाँको लिङ्गको अनुपात ९७.२ र गरिबी १९.२६ रहेका छन् ।

## तालिका १.२ वडागत घरपरिवार तथा जनसङ्ख्या विवरण

| वडा नं | जनगणना २०६८ अनुसार | | | | | घरपरिवार सर्वेक्षण २०७६ अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार | जनसङ्ख्या | | | औसत परिवार आकार | घरपरिवार | जनसङ्ख्या | | | औसत परिवार आकार |
| | | जम्मा | पुरुष | महिला | | | जम्मा | पुरुष | महिला | |
| १ | २५१७ | १२४२३ | ५८०४ | ६६१९ | ४.९४ | १८०३ | ९१४२ | ४६८२ | ४४६० | ५.१ |
| २ | | | | | | १३२४ | ७४६३ | ३८०७ | ३६५६ | ५.६ |
| ३ | ४५६७ | २०६४९ | ९०६१ | ११५८८ | ४.५२ | १९९२ | १०४७९ | ५२८६ | ५१९३ | ५.३ |
| ४ | | | | | | २०९५ | १०६४२ | ५३३० | ५३१२ | ५.१ |
| ५ | | | | | | १६८८ | ८३२७ | ४२७६ | ४०५१ | ४.९ |
| जम्मा | ७०८४ | ३३०७२ | १४८६५ | १८२०७ | ४.७३ | ८९०५ | ४६०५३ | २३३८१ | २२६७२ | ५.२ |

स्रोतः कञ्चन गाउँपालिका प्रोफाइल र घरपरिवार सर्वेक्षण, २०७६



# घरधुरीसर्वेक्षण २०७६ का आधारमा कञ्चन गाउँपालिकाको जनसंङ्ख्या




| | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| औसत परिवार आकार | 5.1 | 5.6 | 5.3 | 5.1 | 4.9 | 5.2 |
| जम्मा | ४४६० | ३६५६ | ५१९३ | ५३१२ | ४०५१ | २२६७२ |
| महिला | ४६८२ | ३८०७ | ५२८६ | ५३३० | ४२७६ | २३३८१ |
| पुरुष | ९१४२ | ७४६३ | १०४७९ | १०६४२ | ८३२७ | ४६०५३ |
| घरपरिवार | 1803 | १३२४ | १९९२ | २०९५ | १६८८ | 8905 |

औसत परिवार आकार ■ जम्मा ■ महिला ■ पुरुष ■ घरपरिवार

राष्ट्रिय जनगणना २०६८ अनुसार कञ्चन गाउँपालिकाको जातजातिकाको आधारमा जनसङ्ख्या वितरण तल तालिकामा उल्लेख गरिए अनुसारको छ ।

**तालिका १.३ जातजातिका आधारमा जनसङ्ख्या**

| धर्म/वडा | कञ्चन १ र २ | | | कञ्चन ३, ४ र ५ | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| ब्रह्मण | ६४९ | ७८९ | १४३८ | २१६७ | २७८६ | ४९५३ | ६३९१ |
| क्षेत्री | ६१२ | ७४९ | १३६१ | ११२८ | १५१६ | २६४४ | ४००५ |
| मगर | १३११ | १५८९ | २९०० | ३०२८ | ३९७५ | ७००३ | ९९०३ |
| गुरुङ्ग | ४१ | ४३ | ८४ | १३९ | १८९ | ३२८ | ४१२ |
| नेवार | २५ | २३ | ४८ | १०० | १०२ | २०२ | २५० |
| कामी | ५२१ | ६०६ | ११२७ | ९६१ | १३०२ | २२६३ | ३३९० |
| दमाई | १३३ | १६७ | ३०० | ३०४ | ३५३ | ६५७ | ९५७ |
| सार्की | ५८ | ५१ | १०९ | ९७ | १०६ | २०३ | ३१२ |
| दलित अन्य | १२९ | १२७ | २५६ | ५२ | ६७ | ११९ | ३७५ |
| मुसलवान | ५९ | ६० | ११९ | २२ | २७ | ४९ | १६८ |
| थारु | १०९९ | १२०९ | २३०८ | ८३६ | ८७२ | १७०८ | ४०१६ |
| यादव | १७५ | १६४ | ३३९ | ११ | ११ | २२ | ३६१ |
| लोध | ३८० | ३८४ | ७६४ | - | - | - | ७६४ |
| मल्लाहा | ९५ | ९१ | १८६ | - | - | - | १८६ |
| तराई अन्य | ४२० | ४४२ | ८६२ | १०२ | ११३ | २१५ | १०७७ |
| अन्य | ९७ | १२५ | २२२ | ११४ | १६९ | २८३ | ५०५ |

स्रोत राष्ट्रिय जनगणना २०६८

## १.६ आर्थिक गतिविधि र पेसा

गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, मत्स्यपालन, उद्योग, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । उपयुक्त हावापानी, माटोको वनोट तथा समतल भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । गाउँपालिकाका सबै वडाहरुमा रणनीतिक तथा शहरी सडक सञ्जालका कारण गाउँका सबै वडा तथा जिल्लाभित्रका सबै गाउँपालिका/नगरपालिकाहरूमा पहुँच सहज बनाइएको छ । जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा रहनुलगायत विभिन्न अवसरहरू गाउँपालिकाको विकासका सकारात्मक पक्षहरु रहेका छन् । मील, फर्निचर उद्योग, च्याउ फर्म, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस गाउँपालिकाका मानिसहरु उल्लेखनीयरुपमा औद्योगिक विकासतर्फ लागिरहेका देखिन्छ । यस गाउँपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ । यद्यपि यो त्यति सकारात्मक भने होइन ।

यस गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाहरुले स्थानीय स्तरको बचतलाई गाउँपालिकाबाट बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । यस गाउँपालिकामा जम्मा २७ वटा सहकारी संस्था र ६ वटा बैंकले आर्थिक गतिविधि सञ्चालन गरी रहेका छन् ।

## १.७ जनसङ्ख्याको गतिशीलता र बसाइँ सराइ

यस कञ्चन गाउँपालिकामा २०७७ सालको असार मसान्तसम्म दर्ता भएको व्यक्तिगत घटनाको अवस्था हेर्दा एक वर्षमा २२१३ जन्म दर्ता, ५२० मृत्यु दर्ता, ६८३ विवाह

दर्ता, ३३ सम्बन्ध विच्छेद दर्ता, २९९ परिवार बसाइँ सरेर आएको र ९१ परिवार बसाइँ सरेर गएको देखिन्छ ।

## १.८ भौतिक पूर्वाधार

कञ्चन गाउँपालिकाको गाउँ प्रोफाइल २०७४ अनुसार यस गाउँपालिका भित्रका सबै वडाहरुमा सडक सञ्जाल पुगेको छ । गाउँपालिकामा भौतिक पूर्वाधारको क्षेत्रमा मुख्य गरी कृषि मार्ग, हुलाकी लोकमार्ग र अन्य सहायक मार्गहरु रहेका छन् । विद्युतको पहुँच सवै वडामा करिव ९५ प्रतिशत घरमा छ भने सञ्चारको क्षेत्रमा नेपाल टेलिकम र एनसेलले सेवा प्रदान गरि रहेका छन् ।

## १.९ गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र वास योजनाको सम्वन्ध

- सरसफाइ सँग सम्वन्धी योजना
- खानेपानी योजना (प्रत्येक वडामा निर्माणाधीन तथा मौजुदा योजनाहरु)
- शौचालय निर्माणका योजनाहरू
- नाला तथा ढल निर्माण सँग सम्वन्धी योजना

## १.१० वास क्षेत्रमा कार्यरत विकासका साझेदारहरु

यस गाउँपालिकामा खानेपानी तथा सरसफाइका क्षेत्रमा हाल स्थानीय खानेपानी उपभोक्ता समिति, प्रदेश सरकार तथा नेपाल सरकारको साझेदारीमा कार्यक्रम संचालन रहेको छ ।

# अध्याय-२
# खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति

# २.१ कञ्चन गाउँपालिकाको खानेपानीको अवस्था

## २.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक स्रोतहरु

कञ्चन गाउँपालिकाका सबै ५ वटा वडाका ८९०५ घरधुरीको खानेपानी सरसफाइ तथा स्वच्छता सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । प्राप्त mWater घरधुरी सर्वेक्षण प्रतिवेदन अनुसार खानेपानीको मुख्य स्रोतको (बर्षमा सबै भन्दा बढी प्रयोग गर्ने खानेपानीको श्रोत) आधारमा वडागत विवरण तपसिल अनुसार रहेको पाईएको छ ।

**तालिका २.१ खानेपानीका प्राथमिक स्रोतहरु**

| वडा | असुरक्षित मूल | आकासे पानी | संरक्षित मुहान | योजनाको निजि धारा | योजनाको सार्वजनिक धारा | ट्युबवेल (५० मि. भन्दा माथि) | ट्युबवेल (५० मि. भन्दा कम) | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २ | | ८५८ | ८ | ९२१ | १६ | |
| २ | | | | | | १३२० | ४ | १३२४ |
| ३ | २४ | | | १८१ | | १६२७ | १६० | |
| ४ | | | ३ | ९५५ | ११ | ८०० | ३२६ | |
| ५ | ५ | ६ | | ३९६ | | १२८१ | | |
| जम्मा | ३० | ८ | ३ | २३९० | १९ | ५९४९ | ५०५ | |



## २.१.२ गाउँपालिकामा खानेपानीको स्तर

**खानेपानी सेवाको परिभाषा तथा सूचकहरु**

**सुरक्षित तरिकाले व्यवस्थापन गरिएको खानेपानी (Safely Managed):** आधारभूत खानेपानी स्रोत जुन घर परिसरभित्र जतिवेला पनि उपलब्ध छ र दिसाजन्य तथा अन्य प्रमुख रासायनिक प्रदूषणबाट (जस्तै Arsenic) मुक्त छ ।

**आधारभूत खानेपानी सेवा (Basic Service):** सुधारिएको खानेपानीको स्रोत, पानी संकलन समय ३० मिनेटभन्दा कम लाग्ने ।

**सिमितखानेपानी सेवा (Limited Service):** खानेपानीका असुरक्षित

संयुक्त राष्ट्रसंघको संयुक्त अनुगमन कार्यक्रम (JMP) को परिभाषा अनुसार कञ्चन गाउँपालिकाका सम्पूर्ण ८९०५ घरपरिवारहरुको खानेपानीको सुविधाको स्तर विश्लेषण गरिएको छ । जस्मा ८३५८ घरपरिवार आधारभूत स्तरमा रहेको पाइएको छ भने ५०५ घरपरिवारहरु असुरक्षित र ४१ घरपरिवारहरु सेवा नै नभएको पाइएको छ ।

**तालिका नं २.२ खानेपानीको सुविधा स्तर**

| वडा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| असुरक्षित सुविधा | ० | ० | १७ | १ | ३ | २१ |
| आधारभूत सुविधा | १११३ | १२३३ | १७१३ | ७९४ | ७१७ | ५५७० |
| सीमित सुविधा | ० | ० | १ | ० | १ | २ |
| सुरक्षित सुविधा | ६९३ | ९१ | २६१ | १३०० | ९६७ | ३३१२ |



**तालिका नं २.३ खानेपानीको स्तर (दिगो विकास लक्ष्यको आधारमा)**

| खानेपानीको स्तर | सुरक्षित व्यवस्थित सेवा | आधारभूत सेवा | सीमित सेवा | असुरक्षित |
|---|---|---|---|---|
| प्रतिशत | ३७.१९ | ६२.५५ | ०.०२३ | ०.२४ |

## २.१.३ कञ्चन गाउँपालिकामा खानेपानीको प्राथमिक श्रोतहरु

यस भागमा प्रस्तुत गरिएको सबै तथ्याङ्कहरु कञ्चन गाउँपालिकामा सबै घरधुरीहरुमा गरिएको सर्वेक्षणबाट संकलन गरिएको प्राथमिक तथ्याङ्कहरु हुन्। समग्रमा ५९४९ (६६.८०%) घरधुरीहरुले डिप ट्युववेलबाट खानेपानीमा पहुँच पुगेको देखिन्छ। २३९० घरधुरीहरुमा योजनाको निजी धारा र १९ घरधुरीहरुमा योजनाको सार्वजनिक धारा (२७.०५%) जडान भएको छ। ५०५ घरधुरीहरुमा स्यालो ट्युववेल(५० फिट भन्दा कम) प्रयोग भएको छ। ३० घरधुरीहरुले असुरक्षित मूलको पानी प्रयोग गर्छन्।साथै संरक्षण नगरिएका असुरक्षित पानीका मूलहरु प्रयोग गर्ने ३ घरधुरीहरु छन्। ८ घरधुरीहरु आकासे पानी प्रयोग गरिरहेका छन्। यस्ता घरधुरीहरु गाउँपालिकाको समग्र जनसंख्याको तुलनामा ६.१५ प्रतिशत रहेको छ। भने ९३.८५ प्रतिशत् घरधुरीहरुलाई सुधारिएको खानेपानी सुविधा पाएका घरधुरीको रुपमा लिन सकिन्छ।

**तालिका नं : २.४ मौजुदा खानेपानी प्रणालीहरुको विवरण**

घरधुरी सर्वेक्षणका आधारमा कञ्चन गाउँपालिकामा ७ वडा निर्माणाधिन खानेपानी आयोजनाहरु रहेका छन्। जस मध्ये रुद्रपुर खानेपानी उपभोक्ता समितिले ओभर हेड टङ्की द्वारा खानेपानी वितरण गरेको छ। उक्त खानेपानी आयोजनाले कञ्चन गाउँपालिकाको ५, ४ र ३ नं. वडाको केही भागलाई समेटेको छ। रातोडाँडा/ सुन्दरनगर खानेपानी तथा सरसफाइ संस्थाले ओभर हेड टङ्की द्वारा खानेपानी वितरण गरेको छ। उक्त आयोजनाले कञ्चन वडा नं. १ को करिव २३० घरधुरीलाई समेटेको छ। बकुलगाड खानेपानी तथा सरसफाइ संस्थाले पाइप प्रणालीद्वारा खानेपानी वितरण गरेको छ।उक्त आयोजनाले कञ्चन गाउँपालिका वडा नं. १ र २ को केही भागलाई समेटेको छ भने यो

आयोजना निर्माणाधिन अवस्थामा रहेको छ। भने अन्य ४ वटा आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन्। कञ्चन गाउँपालिकाको वडा नं. १ को केही घरधुरी बाँसगडी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिद्वारा वितरित आयोजनाले समेटेको देखिन्छ।

## २.१.४ निर्माणाधीन खानेपानी आयोजनाहरु

कञ्चन गाउँपालिकामा विभिन्न निकायहरुको सहयोगमा निर्माणाधीन खानेपानी प्रणालीहरु तपसिलका रहेका छन । माथि खानेपानी वितरण भएको भनिएता पनि उक्त आयोजनाहरु पूर्ण रुपमा सम्पन्न भएर वितरण नभई आयोजना संचालनकै क्रममा विभिन्न माध्यमहरु प्रयोग गरेर खानेपानी वितरण गरेको देखिन्छ। यसरी हर्दा सबै आयोजनाहरु निर्माणकै क्रममा रहेका छन्।

**<u>तालिका नं : २.५ निर्माणाधीन खानेपानी प्रणालीहरुको विवरण</u>**

| क्र सं | योजनाको नाम | लाभान्वित क्षेत्र | सहयोगी निकाय | वडा नं | लाभान्वित | | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | घर | जनसङ्ख्या | |
| १ | रुद्रपुर खानेपानी तथा सरसफँई उपभोक्ता संस्था | वडा नं. ३, ४ र ५ | प्रदेश सरकार | ४ | १८०२ | ९३७० | निर्माण सम्पन्न |
| २ | रातोडाँडा/सुन्दरनगर खानेपानी तथा सरसफाइ संस्था | रातोडाँडा | फण्ड बोर्ड | १ | २३० | ११३७ | निर्माण सम्पन्न |
| ३ | बकुलगाड खानेपानी तथा सरसफाइ संस्था | वडा नं. १ र २ | खानेपानी विभाग<br>प्रदेश सरकार | १ | १०७५ | ५४८२ | |
| ४ | धमिनाताल खानेपानी तथा सरसफाइ संस्था | वडा नं. ३ र ४ | प्रदेश सरकार | ३ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | दानापुर खानेपानी तथा सरसफाइ संस्था | वडा नं. १ | प्रदेश सरकार | १ | | | |
| ६ | भैसाही पिपरीचापा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था | वडा नं. ५ | ग्रामिण खानेपानी तथा सरसफाइ | ५ | | | |
| ७ | मलावरदेवी खानेपानी तथा सरसफाइ संस्था | वडा नं. ३ | प्रदेश सरकार | ३ | | | |

यसरी हेर्दा कञ्चन गाउँपालिकामा निर्माणाधीन र निर्माण सम्पन्न आयोजनाहरु पूर्ण रुपमा संचालनमा आउनेहो भने समग्र गाउँपालिकाको घरधुरी सङ्ख्यालाई सुरक्षित खानेपानी उपलब्ध गराउन सकिने सर्वेक्षणको प्रारम्भिक अनुमान गरिएको छ। सर्वेक्षणका क्रममा देखिएका कार्य प्रगति र जनसमुदायको अग्रसरताले निर्माणाधीन आयोजनाहरु समयमा नै सम्पन्न हुने कुरामा कुनै दुईमत नरहेको तर प्राविधिक कारणले कुनै असर नगरेमा समयमानै सम्पन्न हुने कुरा आयोजनाका अध्यक्षहरुको भनाई रहेको छ।

घरपरिवार सर्वेक्षणमा पानीको प्रर्याप्तताको सर्वेक्षण गर्दा सबै घरायसी प्रयोगका लागि पुग्छ भन्ने घरपरिवार ८३.८ प्रतिशत थिए, १३.३ प्रतिशत घरपरिवारले पिउन, भान्सा तथा सरसफाइ गर्न पुग्छ, २.९ प्रतिशत घरपरिवारले पिउन मात्र पुग्छ भनेका थिए । खानेपानी पिउन योग्य छ कि छैन भनि गरिएको धारणा सर्वेक्षणमा ९५ प्रतिशत घरपरिवारले पिउन योग्य छ , ३.५ प्रतिशत परिवारले पिउन योग्य छैन भने र १.५ प्रतिशत परिवारले थाहा छैन भने तर ७५ प्रतिशत घर परिवारले पानी शुद्धीकरण नगरी प्रयोग गर्ने गरेका छन्। जस मध्य आयोजनाबाट वितरण गरिएको पानी भएकाले शुद्धीकरण गर्न पर्दैन भन्ने देखियो, १५.५ प्रतिशत घरपरिवारले पानी कहिले काँहिमात्र शुद्धीकरण गरेर प्रयोग गर्ने र १४.५ प्रतिशत परिवारले सधैं शुद्धीकरण गरेर प्रयोग गर्ने गरेको बताएका छन् ।समग्रमा यस गाउँपालिकामा खानेपानीको शुद्धता मापन गर्दा असुरक्षित स्तरबाट खानेपानी प्रयोग गर्ने घरधुरी सङ्ख्या निकै कम रहेको देखिएको छ।

## तालिका नं : २.६ खानेपानी भरेर ल्याउने समय

| पानी भरेर ल्याउने समय | वडा गत घरधुरी प्रतिशत | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| (जान भर्न आउन) | १ | २ | ३ | ४ | ५ | |
| १५ मिनेटभन्दा बढी ३० मिनेटसम्म | ०.१ | ०.३ | ०.१ | ०.९ | ०.१ | ०.३ |
| ३० मिनेट भन्दा बढी | ० | ०.१ | ० | ०.२ | ० | ०.१ |
| ५ भन्दा बढी १५ मिनेटसम्म | २.७ | २६.७ | ०.४ | २.१ | १.५ | ५.४ |
| ५ मिनेट वा कम | ४९.४ | ७२.४ | ९२.४ | ५०.९ | ७५.९ | ६७.८ |
| योजनाको निजी धारा | ४७.७ | ०.५ | ७.१ | ४६.० | २२.६ | २६.४ |
| **जम्मा** | १०० | १०० | १०० | १०० | १०० | १०० |

### खानेपानी ल्याउन लाग्ने समयका आधारमा वडा गत विवरण




| | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| योजनाको निजी धारा | 47.7 | 0.5 | 7.1 | 46 | 22.6 | 26.4 |
| ५ मिनेट वा कम | 49.4 | 72.4 | 92.4 | 50.9 | 75.9 | 67.8 |
| ५ देखि १५ मिनेट सम्म | 2.7 | 26.7 | 0.4 | 2.1 | 1.5 | 5.4 |
| १५ देखि ३० मिनेट सम्म | 0 | 0.1 | 0 | 0.2 | 0 | 0.1 |
| ३० मिनेट भन्दा बढी | 0.1 | 0.3 | 0.1 | 0.9 | 0.1 | 0.3 |

## २.१.५ कञ्चन गाउँपालिकामा खानेपानीको समग्र अवस्था

कञ्चन गाउँपालिकामा समग्र खानेपानीको हालको अवस्था कस्तो रहेको छ? घरधुरी सर्वेक्षण २०७६ का आधारमा रहेको छ।

खानेपानी जिवनको अपरिहार्य तत्व हो। पानी सधै उपलब्ध हुन सक्छ भन्ने छैन। वर्षातको पानी संकलन प्रणालीको टङ्की वा घैटोमा पानी छ भने यो धेरै सुविधाजनक हुनसक्छ तर यो बर्ष भरी उपलब्ध नहुन सक्छ। कुनै पानीका मूलहरुको हकमा पनि यही कुरा लागु हुनसक्छ, जुन सुख्खा समयमा सुक्छन्।कञ्चन गाउँपालिकामा ६६३० (७४.५%) घरधुरीले बर्ष भरी पर्याप्त मात्रामा पानी उपलब्ध हुने प्राथमिक खानेपानीका श्रोतहरुबाट पानीको सुविधा पाइरहेको देखिन्छ।११ महिना भन्दा बढी १२ महिना भन्दा कम सुविधा उपलब्ध गर्ने घरधुरी ७२३ (८.१%), १० महिना भन्दा बढी ११ महिना भन्दा कम सुविधा उपलब्ध गर्ने घरधुरी ४७७ (५.४%) र १० महिना भन्दा कम सुविधा उपलब्ध गर्ने घरधुरी १०७५(१२.१%) रहेको देखिन्छ।



| विवरणर/वडा | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| १२ महिना | ११११९ | ११४७ | ७७६ | २००० | १५८८ | ६६३० |
| ११ देखि १२ महिना | ४१३ | १३० | ६ | ९१ | ८३ | ७२३ |
| १० देखि ११ महिना | २४० | ३३ | १९३ | ४ | ७ | ४७७ |
| १० महिना भन्दा कम | ३४ | १४ | १०१७ | ० | १० | १०७५ |




यसरी हर्दा पानीको उपलब्धता वडागत रुपमा फरक फरक रहेको स्पष्ट रुपमा देख्न सकिन्छ जस्तै वडा नं. ४ मा १२ महिना पानीको उपलब्धता हुने प्रतिशत ९५.४६ रहेको छ भने वडा नं ५ मा ९४.०७ प्रतिशत रहेको छ वडा नं. ३ मा भने १० महिना

भन्दा कम पानीको उपलब्धता हुने घरधुरीको प्रतिशत (५१.०५%) बढी रहेको देखिन्छ वडा नं. १ र २ भने १२ महिना पानीको उपलब्धता हुने घरधुरी संख्या बढी रहेको छ।

## २.१.६ संस्थागत( शैक्षिक संस्था र स्वास्थ्य संस्था) हरुमा खानेपानी सुविधा

घरधुरी सर्वेक्षण २०७६ का अनुसार कञ्चन गाउँपालिकामा रहेका जम्मा ७७ वटा संस्थागत तथ्याङ्क मध्ये सामुदायिक, संस्थागत तथा बाल शिक्षा केन्द्र, विद्यालयहरु तथा कलेजहरु जम्मा ३३ वटा रहेका छन्। जसमा खानेपानी उपलब्धता अनुसार धेरै जसो विद्यालयहरुमा डिप ट्युवेल रहेको देखिएको छ। विद्यालयमा फिल्टरहरु न्युन्न मात्रमा रहेता पनि उक्त पानीलाई फिल्टरको प्रयोग गरेर शुद्धीकरण गरी प्रयोग गरेको देखिएन। अधिकांश विद्यालयहरुमा पानी शुद्धीकरणको कुनै पनि प्रक्रिया नअपनाई सिधैं प्रयोग गर्ने गरेको पाइयो ।

सम्पूर्ण शैक्षिक संस्थाहरुको खानेपानी सुविधा को अवस्था, स्रोतहरु र अन्य विस्तृत तथ्याङ्कहरु अनुसूची ९.३ मा प्रस्तुत गरिएको छ।

### स्वास्थ्य संस्थाहरुमा खानेपानी सुविधा

कञ्चन गाँउपालिकामा भएका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा ट्युबवेलको पानी उपलब्धता छ भने पानीको शुद्धीकरणको अवस्था सामान्य रहेको छ। एउटा स्वास्थ्य संस्थामा खानेपानी उपभोक्ता समितिद्वारा वितरण गरिएको खानेपानी प्रयोग गरिएको छ।

### संस्थागत कार्यालयहरुमा खानेपानी सुविधा

कञ्चन गाउँपालिकामा रहेका ४१ वटा संघ संस्था तथा गैर सरकारी कार्यालयहरुको खानेपानीको अवस्था अध्ययन गर्दा सबै कार्यालयहरुमा ट्युबवेलको पानी प्रयोग गर्ने गरेको पाइएको छ ।कतिपय संघ संस्थाहरुमा खानेपानीको उपलब्धता नरहेको पाइएको छ। खानेपानी शुद्धीकरणको लागि फिल्टरको प्रयोग गरेको देखिएको छ।

## २.२ सरसफाइ तथा स्वच्छताको अवस्था

### २.२.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था

यस भागमा प्रस्तुत गरिएका सबै तथ्याङ्कहरु कञ्चन गाउँपालिकामा सबै घरधुरीहरुमा गरिएको सर्वेक्षणबाट संकलन गरिएका प्राथमिक तथ्याङ्कहरु हुन्। रुपन्देही जिल्ला खुल्ला दिसा मुक्त भैसकेकोले कञ्चन गाउँपालिका पनि खुल्ला दिशा मुक्त क्षेत्र घोषित गाउँपालिका हो। यस कारण सैद्धान्तिक रुपमा शत प्रतिशत जनसङ्ख्यामा सरसफाइको पहुँच हुनुपर्छ तर अझै ठ्याक्कै तेस्तो अवस्थामा भएको तलका प्रमाणहरुका आधारमा भन्न सकिदैन।



कञ्चन गाउँपालिकाका कुल ८९०५ घरधुरीमा घरपरिवार सर्वेक्षण गरिएको थियो । सर्वेक्षण गरिएको तथ्याङ्क अनुसार कञ्चन गाउँपालिकामा हालसम्म पनि करिब १९१ (२.१ प्रतिशत) घरपरिवार शौचालय विहिन रहेको देखिन्छ र ८४२० (९४.५५ प्रतिशत) घरपरिवारको पक्की शौचालय , ७३ (०.८ प्रतिशत) कच्चि शौचालय, २११ (२.४ प्रतिशत) जमिन सम्म पक्की तर बाहिरी संरचना नभएका रहेका छन् । गत २०७६ असोज १३ गतेका दिनमा राष्ट्रलाई नै खुला दिसामुक्त राष्ट्र घोषणा गरी सकेको अवस्थामा पनि कञ्चन गाउँपालिका तदारुकताका साथ खुला दिसामुक्तको अवस्थामा पुग्नु अपरिहार्य भएको छ ।

सो घरपरिवार सर्वेक्षणको तथ्याङ्क अनुसार घरायसी चर्पीको अवस्था तपसिलको देखिएको छ ।

## तालिका २.९ घरधुरी सर्वेक्षणमा वडागत शौचालयको विवरण

| शौचालयको व्यवस्था | वडा न | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| आफ्नै एक खाल्डे ढल जोडिएको पक्की चर्पी (लेदो प्रशोधन नगरिएको) | ३९ | ४० | २४३ | ३८४ | २१८ | ९२४ |
| आफ्नै एक खाल्डे पक्की चर्पी (लेदो प्रशोधन नगरिएको ) | ६८१ | १२६ | ९०२ | ३९८ | ८०९ | २९१६ |
| आफ्नै दुइ खाल्डे पक्की चर्पी | ४४५ | ५९४ | ३७७ | १८ | ३१ | १४६५ |
| आफ्नै सेप्टीक टंकी जोडिएको पक्की चर्पी (लेदो प्रशोधन नगरिएको) | ३२२ | १५४ | ३३० | १०६८ | ४८४ | २३५८ |
| कच्ची चर्पी | २२ | २२ | ५ | १२ | १२ | ७३ |

| शौचालयको व्यवस्था | वडा न | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| गोवर ग्याँस जडित शौचालय | १२४ | ८० | १०० | २४ | २१ | ३४९ |
| चर्पी नभएको | ४३ | ६२ | २७ | ९ | ५० | १९१ |
| जमिनसम्म पक्की तर बाहिरी संरचना नभएको | ३९ | १०७ | ० | ५७ | ५ | २११ |
| पक्की शौचालय (अन्य घरसंग साझेदारी) | ९१ | १३८ | ५ | १२५ | ५८ | ४१७ |
| जम्मा | १८०७ | १३२४ | १९९२ | २०९५ | १६८८ | ८९०५ |
| प्रतिशत | २०.३ | १४.९ | २२.४ | २३.५ | १९.० | १००.०० |

घरवरिपरिको सरसफाइको अवस्था सर्वेक्षणमा घरायसी शैचालयको प्रयोग र उपलब्धतामा १८१५ (२०.४ प्रतिशत) घरहरुमात्र सुरक्षित सुविधा रहेका छन् , ६१९८ (६९.६ प्रतिशत) घरहरु आधारभूत सुविधामा रहेका छन्, ६२८ (७.१ प्रतिशत) घरहरु सीमित सुविधामा रहेका छन्, ७३ (०.८ प्रतिशत) घरहरु असुरक्षित सुविधा उपभोग गरिरहेका छन् भने १९१ (२.१ प्रतिशत) घरहरु सुविधा विहिन अवस्थामा रहेका छन् । करिब ६० प्रतिशत घरधुरीमा शौचालय वरिपरि हात धुने सुविधा छैन भने ४० प्रतिशत स्थानमा मात्र साबुन सहितको हात धुने सुविधा छ ।



यसरी हर्दा वडागत रुपमा चर्पी नभएका घरधुरीहरु, जमिन सम्म पक्की तर बाहिरी संरचना नभएको र अस्थायी चर्पी भएका घरधुरीहरुको संक्षिप्त विवरण तल देखाइएको छ। यहाँ ४७५ ( ५.३३ प्रतिशत) घरधुरीहरुलाई प्राथमिकतामा राख्नुपर्ने देखिएको छ। यी घरधुरी मध्ये २११ घरधुरीहरुले जमिन सम्म पक्की तर बाहिरी संरचना निर्माण नगरिएको देखिएको छ।

**वडागत रुपमा शैचालय प्रयोगको रुपमा ध्यान दिनुपर्ने घरधुरीहरु**




| | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| जमिनसम्म पक्की तर बाहिरि संरचना नभएको | 39 | 107 | 0 | 57 | 5 | 211 |
| कच्ची चर्पी | 22 | 22 | 5 | 12 | 12 | 73 |
| चर्पी नभएको | 43 | 62 | 27 | 9 | 50 | 191 |

■ जमिनसम्म पक्की तर बाहिरि संरचना नभएको ■ कच्ची चर्पी ■ चर्पी नभएको

घरवरिपरिको सरसफाइको अवस्था सर्वेक्षणमा करिव ३७.४४ प्रतिशत घरहरुमा मात्र सफा रहेका, २०.५२ प्रतिशत घरहरु फोहोर र बाँकी ४२.०४ प्रतिशत घरहरु मध्यम अवस्थामा रहेका छन्। करिव ५५ प्रतिशत घरधुरीमा शौचालय वरिपरि हात धुने सुविधा छैन भने ४५ प्रतिशत घरधुरीहरुमा साबुन सहितको हातधुने सुविधा रहेको देखिएको छ।

**सरसफाइको अवस्था**



घरबाट निस्केको तरल फोहोर करिव २८.८४ प्रतिशत घर परिवारले करेसाबारीमा, करिव ४०.३२ प्रतिशतले खुला ठाउँ, १०.४६ जहाँ पायो त्यही २०.३८ प्रतिशतले ढल वा सेप्टि टङ्किमा बगाउने गरेका छन् । ठोस फोहोर व्यवस्थापनको अवस्था झनै कहाली लाग्दो नै छ, करिब १०० प्रतिशत घरपरिवारको फोहोर व्यवस्थापन स्वयमले नै गर्ने गरेको पाइयो । घरपरिवारमा करिब १६ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर अलग -अलग गर्ने गरेका र करिब ८४ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर अलग-अलग गर्ने गरेका छैनन् ।

**JMP अनुसार सरसफाइको परिभाषा**

- सुरक्षितरुपले व्यवस्थित सरसफाई
  दिगो विकास लक्ष्यले सुरक्षित रूपले व्यवस्थित सरसफाइलाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पतिस्थानमै, वा सुरक्षित रुपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यबस्थापन गरिएको रुपमा परिभाषित गरेको छ । नेपालको सन्दर्भमा यो सामान्यतया डबल (पिट शौचालयहरूमामात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोष्ट हुदै गर्छ जसले गर्दा भरिएको पिट कञ्चा रुपमानै फोहर निकालेर खाली गर्नु पर्दैन । सवेक्षण गर्दा प्रयोग गरिएका अन्य परिभाषाहरु निम्नानुसार छन्
- आधारभुत BASIC: पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको एकल सेप्टिक टैंक भएका शौचालयहरु०
- सीमित LIMITED पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको
- नसुधारिएको UNIMPROVED: कच्ची शौचालयहरु भएको
- खुल्ला दिशा (शौचालय नभएको)

स्रोत JMP, https://washdata।org/monitoring/sanitation)




<u>**तालिका नं २.१० सरसफाइको स्तर (दिगो विकास लक्ष्यको आधारमा)**</u>

कञ्चन गाउँपालिकामा सरसफाइ सेवाहरु दिगो विकास लक्ष्य (एसडीजी) का परिभाषाहरु प्रयोग गरी मूल्याङ्कन गरिएको थियो । व्यवस्थित सरसफाइमा गोवरग्यांस जडित र डबल पिट भएका शौचालयहरु छन् सेप्टिक टङ्की भएका शौचालयहरुलाई आधारभूत सरसफाइ र कच्ची चर्पीहरुलाइ नसुधारिएको सुविधामा राखिएको छ । परिभाषाका लागि सँगैको बक्स हेर्नुहोस ।

बञ्चन गाउँपालिका प्रत्येक घरका आफ्नै स्थायी शौचालयका सन्दर्भमा पनि अब खाडल भरियो भने के गर्ने? भन्ने बारे पनि सोच्ने समय आइसकेको छ, तर एउटा मात्र खाडल भएको शौचालयमा खाडलमा भएको फोहोर कम्पोष्ट हुन पाएको हुँदैन त्यसैले यो भरिएमा खाली गर्न गाह्रो हुन्छ । त्यसैले पूर्ण सरसफाइ कार्यक्रममा दुई खाल्डे चर्पीलाई प्रर्वद्धन गर्ने पनि एजेण्डा हुनुपर्छ, जसले गर्दा सबै घर परिवारलाई अर्को खाल्डो कहाँ खन्ने भनेर सोच्न प्रोत्साहित गरोस् ।

कञ्चन गाउँपालिकाका केहीं घरहरुमा वैज्ञानिक ढलनिकासको व्यवस्था भएको र फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइट तथा ढल निकासको प्रवन्ध रहेको पाइयो । व्यवस्थित सरसफाइ अर्न्तगत गोवरग्यांस जडित र डबल पिट भएका शौचालयहरु छन् सेप्टि टङ्कि भएका शौचालयहरुलाई आधारभूत सरसफाइ र कच्ची चर्पीहरुलाई नसुधारिएको सुविधामा राखिएको छ । परिभाषाका लागि सँगैको बक्स हेर्नुहोस ।

खुल्ला दिसा मुक्त घोषणा गर्नु नै पूर्ण सरसफाइका लागि प्रवेश विन्दु हो। बक्स हेर्नुहोस- पूर्ण सरसफाइ मार्गदर्शन २०७३ को अनुसार पूर्ण सरसफाइका सुचकहरु। जब सबै सुचकहरु पुरा गरी ठीक छ भनी प्रमाणित भएमा पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्न सकिन्छ। जबकी निलो स्टिकर पाएको घरधुरी पूर्ण सरसफाइको अभियानमा सहभागी भएको जनाउँछ भने, हरियो स्टिकर प्राप्त घरधुरीले सबै सुचक पुरा गरेको हुन्छ। स्टिकर छैन भने यी घरधुरीहरु पूर्ण सरसफाइको कुनै पनि कार्यक्रममा समावेश नभएको जनाउँछ।

कञ्चन गाउँपालिका तथ्याङ्क संकलन २०७६ लाई आधार मानेर हेर्दा पूर्ण सरसफाइको अवस्थालाई हेर्दा ८८१६ (९९ प्रतिशत) घरधुरीसँग स्टिकर छैन भन्नुको अर्थ ती

घरधुरीहरु पूर्ण सरसफाई अभियानमा समावेश छैनन् जसमा ८९ (१ प्रतिशत ) घरधुरीमात्र पूर्ण सरसफाइ घोषणा भएका छन्। सबैले सधै नियमित रुपमा शौचालयको प्रयोग गर्नु र सुरक्षित बानी व्यवहार अपनाउनु नै पूर्ण सरसफाइका लागि आधार हो। त्यसैले यसमा सधै ध्यान दिनु पर्छ।

**पूर्ण सरसफाई?**

**क.पाँच मुख्य सरसफाई तथा स्वच्छता र व्यवहारहरु**

- चर्पीको प्रयोग
- जोखिमपूर्ण अवस्थामा साबुन वा सफागर्ने सामाग्री र पानीले हातधुने अवस्था
- घरायसी तहमा सुरक्षित रुपमा पानीको प्रयोग र शुद्धीकरण (जस्तै घरायसी तहमा पानी शुद्धीकरणका विधिहरुको प्रयोग)
- व्यक्तिगत सरसफाई गर्न (नियमित नङ काट्ने, नुहाउने, कपडा धुने, दैनिक रुपमा कपाल कोर्ने, दाँत माझने आदि)
- घर भित्र र घर बाहिर र ठोस तथा तरल फोहोर मैला व्यवस्थापन

**ख. घरायसी सरसफाई**

- सबै घरधुरीहरुमा चर्पी हुनुपर्ने र हातधुने सुविधा उपलब्ध हुनुपर्ने जस्तै साबुन भाडासफा गर्ने प्लेटपर्म आदि
- चर्पीमा ब्रस, सफा गर्ने सामाग्री आदि
- पानी र खानेकुरा छोपेर राख्ने
- घरका कोठाहरु, आगन र घर वरिपरिको नियमित सरसफाई
- गोठको उचित व्यवस्थापन भएको
- फोहोर पानी संकलन खाडल छोपिएको हुनुपर्ने
- सुरक्षित खानेपानीको सुविधामा पहुँच भएको हुनुपर्ने
- ठोस फोहोर मैला व्यवस्थापनको लागि फोहोर संकलन तथा व्यवस्थापनको लागि भाँडो तथा खाडलहुनुपर्ने र
- सुधारिएको चुलो वा बायोग्यास हुनपर्ने (ऐच्छिक)




## २.२.२ संस्थागत सरसफाइ सुविधा

तथ्याङ्क संकलन मापन गर्दा यो सर्वेक्षणमा निम्न बमोजिम दिगो विकासका लक्ष्यको सूचकहरु प्रयोग गरिएको छ।

- आधारभूत: पर्याप्त पक्की चर्पीको सुविधा, महिला पुरुष छुट्टै भएको र प्रयोग गर्न सकिने।
- सिमित: पर्याप्त पक्की चर्पीको सुविधा नभएको, महिला पुरुषका लागि छुट्टै कोठा छैन् वा सर्वेक्षणको समयमा प्रयोग योग्य छैन।
- सुविधा छैन: चर्पी छैन वा कच्चा चर्पी।

संस्थागत विवरण ७७ वटाको समग्र सरसफाइको अवस्था देखाउँछ। भिन्न सूचकहरुको अवस्था बराबरी रुपमा सबै सूचकहरुमा बाँडिएको छ। सबै संस्थामा शौचालयको सुविधा छ, जस्मा ६८ संस्थामा सुधारिएको चर्पी, १ संस्थामा कच्ची चर्पी/खाल्डे चर्पी र ८ संस्थामा चर्पी नभएको विवरण देखिन्छ समग्रमा २५.७ प्रतिशत संस्था आधारभूत सुविधा र ७४.३ प्रतिशत संस्था सीमित सुविधा छ भन्ने अवस्था देखिन्छ। यहाँ सीमित सुविधा भन्नाले, त्यहाँ पक्की चर्पीको सुविधा भएको तर महिला पुरुषका लागि छुट्टै कोठा छैन वा सर्भेक्षणको समयमा प्रयोग योग्य नरहेको अवस्थामा थियो भन्ने बुझाउँछ।छ। अर्को

शब्दमा भन्दा त्यहाँ अध्ययन गर्ने, काम गर्ने वा भ्रमण गर्ने व्यक्तिहरुले सधैं शौचालय प्रयोग नगर्न नि सक्छन् भन्ने अवस्था देखिन्छ। सरसफाइ सुविधा कायम राख्न संस्थागत शौचालय व्यवस्थापन समिति र समूहहरुको महत्वपूर्ण भूमिका हुन्छ, जस्तै केही शौचालयहरु मर्मत संभार नहुँदा सीमित सुबिधा भित्र पर्न गए। स्वास्थ्य संस्थाहरुमा विरामीले मात्र प्रयोग गर्न छुट्टै शौचालय हुनुपर्छ, स्वास्थ्यकर्मी, विरामी लगाएत अन्य सबैले एउटै शौचालय प्रयोग गर्ने भएकाले सीमित सेवामा पर्न गएका हुन्।




संस्थागत विवरण हेर्दा विद्यालय/सार्वजनिक चर्पीमा पानीको उपलब्धताहरु हेर्दा ७५.३ प्रतिशत संस्थाहरुमा सधैभरी हुने(सर्भेको समयमा पनि भएको) भन्ने विवरण देखिएको छ भने २४.७ प्रतिशत संस्थाहरुमा हुन्छ(तर सधै होइन) भन्ने देखिएको छ।



## २.२.३ शैक्षिक संस्थाहरुमा सरसफाइ तथा स्वच्छताको अवस्था

कञ्चन गाउँपालिकामा रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरुको सरसफाइ तथा स्वच्छताको अवस्थलाई मूल्याङ्कनगर्दा शौचालयहरुमा पानीको उपलब्धता, पर्याप्तता, सावुनपानी र हातधुने सुविधा, महिनावारी स्वच्छता व्यवस्थापन, ठोस तथा तरल फोहोर व्यवस्थापनआदि सूचक राखेर तथ्याङ्क लिइएको थियो ।




कञ्चन गाउँपालिकामा रहेका सम्पूर्ण विद्यालयहरु मध्ये ४७.३ प्रतिशत हातधुने सुविधा भएको र सर्भेको समयमा पानी तथा साबुन उपलब्ध भएको, २७.० प्रतिशत हातधुने सुविधा भएको र सर्भेको समयमा पानी उपलब्ध भएको तर साबुन उपलब्ध नभएको र २५.७ प्रतिशत हातधुने सुविधा नभएको वा पानी उपलब्ध नभएको तथ्याङ्क सर्वेक्षणबाट देखिएको छ।




## २.२.४ स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

कञ्चन गाउँपालिकामा भएका स्वास्थ्य संस्थाहरुमा शौचालय रहेको पाईयो । स्वास्थ्य संस्थाहरुमा सरसफाइ र स्वच्छताको अवस्था राम्रो देखियो । एउटा स्वास्थ्य संस्थाको शौचालयमा बालमैत्री सुविधा, अपाङ्गमैत्री सुविधा र महिनावारी व्यवस्थापनको सुविधा (शौचालयमा ढकन सहितको डस्टबिन) रहेको पाइयो भने अर्को स्वास्थ्य संस्था भाडामा रहेकोले सबै सुविधा नरहेको पाईएको छ। यद्धपि सबै स्वास्थ्य संस्थाहरुमा ठोस फोहोर सङ्कलनका लागि प्लाष्टिक व्याग र डस्टबिन रहेका छन् र ती फोहोर व्यवस्थापनका लागि, ५ वटामा जैविक प्रक्रियाबाट विशेष खाडलमा गाढने र ५ वटामा फाहोर विसर्जन केन्द्रमा व्यवस्थापन गर्ने गरेको पाईयो ।

समग्र सार्वजनिक संस्थाहरुको फोहोर मैला व्यवस्थापनको अवस्थालाई केलाउदा १०.८ प्रतिशत संस्थाहरुले ३ प्रकारमा बर्गीकरण गरी फोहोर संकलन गर्ने व्यवस्था (कुहिने, नकुहिने, पुनःप्रयोग हुने), ७०.३ प्रतिशत संस्थाहरुमा २ प्रकारमा बर्गीकरण गरी फोहोर संकलन गर्ने व्यवस्था (कुहिने र नकुहिने), ९.५ प्रतिशत संस्थाहरुमा बर्गीकरण नगरी फोहोर संकलन गर्ने व्यवस्था रहेको देखिएको छ भने ९.५ प्रतिशतमा संस्थाहरुमा फोहोर संकलन गर्ने व्यवस्था नभएको प्रारम्भिक तथ्याङ्कले देखाएको छ।




## २.२.५ महामारीको प्रकोप

कञ्चन गाउँपालिकाका अनुसार विगत ५ वर्षमा पानीजन्य रोगको महामारीको प्रकोप नदेखिएको ।

## २.३ खानेपानी गुणस्तर अवस्था

यस कञ्चन गाउँपालिका भित्रको खानेपानीको अवस्थालाई हेदा त्यति सन्तोषजनक पाईएन । प्राय घरघुरीमा डिप ट्युववेलबाट पानी पिउनेको सङ्ख्या धेरै देखियो तर त्यस पानीको गुणस्तर तथा आर्सेनिकको अवस्था जाँच गरिएको छैन । डिप/स्यालो ट्युववेल निर्माण गर्दा पालना गर्नुपर्ने पूर्ण मापदण्ड पूरा गरिएको छैन। पालिकाभित्र केही मात्रामा घरधुरीले असुरक्षित स्तरको खानेपानी प्रयोग गरेको पाईएको छ भने कतिपय घरधुरीहरुले अन्य घर संग साझेदारिमा खानेपानी प्रयोग गरेको देखिएको छ।

## २.४ विपद जोखिम तथा जलवायु परिवर्तन असर स्थानीय अनुकूलनका प्रयासहरु

यस गाउँपालिकाको पाश्र्वचित्र २०७४ अनुसार विपद जोखिमको अवस्था विश्लेषण गर्दा प्रमुख जोखिमको रुपमा भूकम्प, बाढी, आगलागी, महामारी, शीतलहर, मौसमी सुख्खा, किट आतङ्क, चट्याग‌ं प्रमुख रुपमा आएका थिए । खानेपानी, सरसफाइ र स्वच्छताका क्षेत्रमा त्यस्ता विपदहरुले गम्भीर असर पर्ने गरेका छन् । यससम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.११ गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण**

| क्र.स. | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भूकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भूकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचारसंहित पूर्णरुपमा लागु नभएको, | जुनसुकै समयमा |
| २ | बाढी | पालिकामा विशेषतः साना ठूला नदी र खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरु वर्षेनी थोरै सङ्ख्यामा परिवार प्रभावित भैरहेका छन् । | जेष्ठ/असोज |
